## प्रेस विज्ञप्ति

निजी आवास पुर्ननिर्माणका लागि अनुदान सम्झौता ।

(२०७३ आषाढ ३१ गते सम्मका लागि)

भुकम्पबाट अति प्रभावित जिल्लाहरुमध्ये देहाय बमोजिमका १२ जिल्लाहरुमा निजी आवास पुर्ननिर्माणका लागि यही २०७३ आषाढ ३१ गते सम्म २४८५५९ घरधुरीहरुसँग अनुदान सम्झौता सम्पन्न भएको छ भने करिब १००००९ वटा गुनासाहरु दर्ता गरिएको रेर्कड प्राप्त भएको छ । भुकम्पबाट क्षतिग्रस्त निजी आवास पुर्ननिर्माणका लागि पहिचान गरिएका लाभग्राहीहरुलाई बैंक मार्फत अनुदान हस्तांतरण गर्न राष्ट्रिय पुर्ननिर्माण प्राधिकरण "क", "ख" र "ग"वर्गका इजाजत प्राप्त बैंक तथा वित्तीय संस्थाहरुसंग २०७३ साल जेठ १७ गते समझौता भई सोही अनुसार स्थानिय निकाय र बैंक तथा वित्तीय संस्थाहरु बीच छलफल भई स्थानियस्तरमा बैंक तथा वित्तीय संस्थाहरुको क्लस्टरिंग गरी तिनिहरुमार्फत आ- आफ्नो क्लस्टरमा परेका लाभग्राहीहरुलाई अनुदान वितरण गर्नेगरी प्रबंध मिलाईएको छ | साथै गाविस तथा नगरपालिकाहरुलाई संपन्न भैसकेका अनुदान सम्झौताको तेरिज छिटो माध्यमबाट जिविसमा पठाउने र सम्बंधित जिविसले प्राप्त तेरिज अनुसार यथासिघ्र बैंक खातामा अनुदानरकम हस्तांतरण गर्ने व्यवस्था मिलाउन सबै जिविस, नगरपालिका, तथा गाविसहरुलाई निर्देशन दिईसकेको छ | यसबाट आगामि दिनमा अनुदान प्राप्त गर्ने लाभग्राहीको संख्यामा तीव्रतर बृद्धि हुने अपेक्षा गरिएको छ |

| सि.नं. | जिल्ला | लाभग्राही संख्या | अनुदान सम्झौता सम्पन्न घरधुरी संख्या | प्रथम किस्ता भुक्तानी घरधुरी संख्या | गुनासो दर्ता |
|---|---|---|---|---|---|
| १ | रामेछाप | ४३६०७ | ४०४५१ | ११०४ | १२७७५ |
| २ | गोरखा | ५८५०३ | ४५६५१ | १३५५७ | १५३५५ |
| ३ | दोलखा | ५१७४९ | २१५४० | ८८१४ | १६६०६ |
| ४ | ओखलढुङ्गा | १९८१८ | १७५६२ | ५७७ | ५६५१ |
| ५ | सिन्धुपाल्चोक | ७८५३७ | ४४९३४ | ३४३५ | ९५४४ |
| ६ | धादिङ्ग | ७०५७२ | ३०४१० | २८५९ | ८४१८ |
| ७ | काभ्रेपलाञ्चोक | ६७६५९ | १५७७१ | ७८४ | ५२९८ |
| ८ | सिन्धुली | ३४२५३ | २२३० | ११७८ | १३००० |
| ९ | रसुवा | ११२२९ | २०७७ | ७०५ | ४४६ |
| १० | नुवाकोट | ६५७७२ | २६४५३ | २२१० | ९००९ |
| ११ | मकवानपुर | ३०२३८ | १४८० | ६९ | ३९०७ |
| १२ | ललितपुर | १२१८ | | | |
| | जम्मा | ५३३१५५ | २४८५५९ | ३५२९२ | १००००९ |

(पूर्णचन्द्र भट्टराई)
प्रवक्ता
संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय

२०७३ आषाढ ३१